# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२ ) काठमाडौं, कार्त्तिक १० गते २०३६ साल ( अतिरिक्ताङ्क ३३

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विजया दशमीको शुभ-उपलक्ष्यमा २०३६ कार्तिक १० गते देशबासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशबासीहरू,

सत्‌को जय र असत्‌को पराजय हुन्छ भन्ने बलियो भावना बोकेर अनादि कालदेखि हामी नेपालीहरू बडादशैं मनाउँदै आइरहेका छौं । यसैगरी मानिसको पुरुषार्थ र दैवी शक्तिको साधनाबाट उसको नियतिको निर्माण हुन्छ भन्ने धारणामा पनि हामी नेपाली जातिको आस्था रही आएको छ । यिनै धार्मिक विश्वास र कर्मप्रतिको अटल आस्थाले नै हामी यतिखेर यो राष्ट्रिय चाड मनाइरहेका छौं । यस शुभ-मुहूर्तमा जहां रहे बसे तापनि सम्पूर्ण नेपाली र हिन्दूजगतका साथै मानवमात्रको भलाइ र कल्याणको निम्ति हामी शुभ-कामना व्यक्त गर्छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्तमान नेपाली जनजीवनबारे विचार गर्दा यस वर्षको खाद्यान्न स्थितिमा ह्रास आउन सक्ने संभावनालाई ध्यानमा राखी सबै नेपालीलाई खाद्यान्नको निम्ति दुःख कष्ट झेल्न नपरोस् भन्ने प्रयासमा हामी सबैले सहयोग गर्नु परेको छ। यस क्रममा श्री ५ को सरकारले महंगीजस्ता समसामयिक समस्यालाई तत्काल समाधान गर्न जनताको दुःख र मर्मलाई बुझ्न सक्नुपर्छ। यसैगरी आफ्नो अख्तियारको दुरुपयोग गरी अनाचारमा लाग्नेहरूमाथि उचित कारवाही गर्न नेपाली समाजका साथै त्यसप्रति उत्तरदायी सरकार पछि हट्न हुँदैन भन्ने पनि हाम्रो धारणा रही आएको छ।

अन्तमा, प्रत्येक मानिसको आ-आफ्नो कर्तव्य हुन्छ तर कर्तव्यको बोध हुन नसक्दा त्यसबाट नराम्रो परिणाम भोग्न पर्ने हुन्छ भन्ने कुरा हामी सबैले मनन गर्नु पर्छ। बडादशैंको यो पर्वले हामी सबैलाई आ-आफ्नो कर्तव्यको बोध गराई सत्मार्गमा हिँडिरहने सद्बुद्धि र विवेक प्रदान गरोस् – यही हाम्रो कामना छ।

श्री नवदुर्गा भवानीले हामी सबैको रक्षा गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

३५०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।